आकाशवाणी समाचार- नेपाली
मितिः १६ सितम्बर २०२४
समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. सरकारले एक राष्ट्र एक चुनाउका लागि गठित उच्चस्तरीय समितिको सुझाव लाई स्वीकार गरेको छ।
२. प्रधानमन्त्री नरेन्द्र मोदी शुक्रबार महाराष्ट्रको वर्धा भ्रमणमा जानु हुनेछ। प्रधानमन्त्री श्री मोदी वर्धामा राष्ट्रिय 'पीएम विश्वकर्मा' कार्यक्रममा भाग लिनुहुनेछ।
३. वित्त मंत्री निर्मला सीतारमणले नयाँ दिल्लीमा एनपीएस वात्सल्य योजना को शुरुआत गर्नुभएको छ I
४. चार दिवशीय 'वर्ल्ड फूड इन्डिया २०२४' आज देखि नयाँ दिल्लीमा शुरु हुँदैछ।
५. केन्द्रीय पर्यटन तथा संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले आज नदी महोत्सवको पाँचौं संस्करणको उद्धाटन गर्नुहुनेछ
६. भारत र बंगलादेशबीचको दुई टेस्ट म्याचको सिरिजको पहिलो म्याच आज देखि चेन्नईको एमए चिदम्बरम स्टेडियममा शुरु हुँदैछ।

**एक राष्ट्र एक चुनाउ**

सरकारले एक राष्ट्र एक चुनाउका लागि गठित उच्चस्तरीय समितिको सुझाव लाई स्वीकार गरेको छ । केन्द्रीय मन्त्रीमण्डलको बैठकपछि हिज नयाँ दिल्लीमा पत्रकारहरूसँग बातचित गर्नुहुदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले पूर्व राष्ट्रपति रामनाथ कोविन्दको अध्यक्षतामा गठित समितिले राजनीतिक दलहरु र विशेज्ञहरू लगायत हितधारकहरूसँग व्यापक चर्चा परिचर्चा गरिएको बताउनु भएको छ। उहाँले यसलाई दुई चरणमा लागु गरिने बताउनु भएको छ। ।
श्री वैष्णवले सरकारले 79 हजार 1 सय 56 करोड रूपियाँको परिव्ययको साथ प्रधानमन्त्री जनजाति उन्नत ग्राम अभियानलाई पनि स्वीकृत गरेको बताउनु भएको छ। यसबाट लगभग ६३ हजार गाउँ समेटिने र पाँच करोडभन्दा अधिक आदिवासी जनजाति लाभान्वित हुने बताउनु भएको छ। यो अभियानले तीस राज्य र केन्द्र शासित प्रदेशका ५४९ जिल्ला र २ हजार ७सय ४० खण्डका आदिवासी बहुल गाँउहरूलाई समेट्नेछ।

****** ० ******

**केन्द्रीय मंत्री अश्विनी वैष्णव- Bio-RIDE**

केन्द्रीय मंत्री अश्विनी वैष्णवले भन्नुभएको छ , मन्त्रि मण्डलले बायोमेन्फ्याक्चरिङ र बायोफाउन्ड्रीका नयाँ कम्पोनेन्टहरू सहित बायोटेक्नोलोजी रिसर्च इनोभेसन र उद्यमशीलता विकास योजनालाई पनि अनुमोदन गरेको छ। उहाँले अझ भन्नुभएको छ - एकीकृत योजना Bio-RIDE को कार्यान्वयनको लागि प्रस्तावित परिव्यय रु 9 हजार 197 करोड छ, श्री वैष्णवले सरकारले चन्द्रयान-4 मिशन र भेनस अर्बिटर मिशनलाई विज्ञान र प्रौद्योगिकी क्षेत्रको प्रवर्द्धन गर्न स्वीकृत गरेको छ। चन्द्रमामा सफल अवतरणपछि पृथ्वीमा फर्किने प्रौद्योगिकी विकास गर्न मन्त्रिमण्डलले लुनार मिसनलाई स्वीकृत गरेको श्री बैश्नवले बताउनु भएको छ।

****** ० ******

**प्रधानमन्त्री -एक राष्ट्र एक चुनाउ**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशमा एकैपटक चुनाव गराउने उच्चस्तरीय समितिको सुझाव लाई मन्त्रिमण्डलले स्वीकार गर्नु भारतीय लोकतन्त्रलाई थप जीवन्त र सहभागितामूलक बनाउने दिशामा महत्वपूर्ण कदम भएको बताउनु भएको छ । श्री मोदीले प्रयासको नेतृत्व गर्न र विभिन्न हितधाराकहरूसँग परामर्श गरेकोमा पूर्व राष्ट्रपति रामनाथ कोविन्दको प्रशंसा गर्नुभएको छ।

****** ० ******

**प्रधानमन्त्री नरेन्द्र मोदी-वर्धा भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी शुक्रबार महाराष्ट्रको वर्धा भ्रमणमा जानु हुनेछ। प्रधानमन्त्री श्री मोदी वर्धामा राष्ट्रिय 'पीएम विश्वकर्मा' कार्यक्रममा भाग लिनुहुनेछ। प्रधानमन्त्री विश्वकर्मा अन्तर्गत प्रगतिको एक वर्षको प्रतिक हो। कार्यक्रममा श्री मोदीले प्रधानमन्त्री विश्वकर्माका लाभार्थीहरूलाई प्रमाणपत्र र ऋण जारी गर्नुहुनेछ। यस अवसरमा प्रधानमन्त्रीले डाक टिकट पनि जारी गर्नुहुनेछ। श्री मोदीले महाराष्ट्र के अमरावतीमा पीएम मेगा एकीकृत वस्त्र क्षेत्र और परिधान-पीएम मित्र पार्क को आधारशिला पनि राख्नु हुनेछ।

****** ० ******

**प्रधानमन्त्री -जम्मु कश्मिर यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्र शासित प्रदेश जम्मू–कश्मीरमा जारी विधानसभा चुनाउ को सन्दर्भमा आज काश्मिरको भ्रमण गर्नुहुनेछ र त्यहाँ एक चुनावी सभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ। उहाँले बिहान श्रीनगरमा र अपराह्न श्री माता वैष्णोदेवी मन्दिरको आधार शिविर कटरामा चुनावी सभालाई सम्बोधन गर्नुहुनेछ।

****** ० ******

**वित्त मंत्री निर्मला सीतारामन-एनपीएस वात्सल्य**

वित्त मंत्री निर्मला सीतारमणले हिज नयाँ दिल्लीमा एनपीएस वात्सल्य योजना को शुरुआत गर्नुभयो। बर्ष २०२४-२५ को केन्द्रीय बजेटमा यसको घोषणा गरिएको थियो। सुश्री सीतारमणले बाल बच्चाहरुको लागी एनपीएस वात्सल्य योजनामा बचत गर्नाले उच्च रिटर्नको लाभ प्राप्त हुनेछ I उहाँले एनपीएस योजनाले शुरुदेखि नै राम्रो प्रतिफल दिँदै आएको बताउनु भएको छ । सरकारी क्षेत्रको लागी एनपीएसले स्थापनाकालदेखि नै औसत ९ दसमलब ५ प्रतिशतको चक्रवृद्धि वार्षिक वृद्धिदर ले रिटर्न दिएको छ। उहाले मातापिता अनि अभिभावकलहरुले आफ्ना नाबालक छोराछोरीहरुका लागि एनपीएस वात्सल्यमा निवेश गर्न बिचार गर्ने सुझाव दिनुभएको छ । श्रीमती सीतारामनले भन्नुभएको छ - यो योजना आगामी बर्षको १ अप्रेल देखि लागू हुनेछ। पुरानो पेन्सन योजना र नयाँ पेन्सन योजनाका मुख्य विशेषताहरू समावेश गरिएको बताउनु हुँदै यो योजनाले सेवानिवृत्ति पछि निश्चित पेन्सन प्रदान गर्ने बताउनु भएको छ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मु-मध्य प्रदेश**

राष्ट्रपति द्रौपदी मुर्मूले मध्य प्रदेशको इन्दौरस्थित मृगणायनी एम्पोरियममा हथकरघा बुनकरहरूले बनाएको रेशम र कपासबाट बनेको चंदेरी र महेश्वरी साडीको अवलोकन गर्नुभएको छ I उहाँले कालिगढ, बुनकर र आदिवासी कारीगरहरूसँग अन्तरक्रिया गर्नुहुदै उनीहरूको कलाको प्रशंसा गर्नुभएको छ। राष्ट्रपति मुर्मुले कलाकारहरुलाई हाम्रो पुरानो संस्कृति र परम्पराको संरक्षण गर्न आवश्यक रहेको बताउनु भएको छ । उहाँले भन्नुभएको छ -यस्ता कलाकारहरुलाई प्रोत्साहन र रोजगारको अवसर दिनुपर्छ। राष्ट्रपति द्रौपदी मुर्मू आज साझ राँची को दुई दिवसीय भ्रमणमा जानुहुनेछ I राष्ट्रपति मुर्मुले राँचीको नाम्कुम स्थित आई.सी.ए.आर–नेशनल इन्स्टिच्युट अफ सेकेन्डरी एग्रिकल्चरको शतवार्षिकी समारोहलाई सम्बोधन गर्नुहुनेछ।

****** ० ******

**जम्मू कश्मीर विधानसभा चुनाव**

जम्मू कश्मीर विधानसभा चुनावको पहिलो चरणमा ५९ प्रतिशतभन्दा अधिक मतदान भएको छ। यो पछिल्लो ३५ वर्षमा केन्द्र शासित प्रदेशमा सबैभन्दा अधिक मतदान हो। सात जिल्ला पुलवामा, शोपियान, कुलगाम, किश्तवार, अनन्तनाग, रामबन र डोडाका सबै २४ विधानसभा क्षेत्रहरूमा शान्तिपूर्ण रूपमा मतदान भएको छ।

अर्कोतर्फ, एउटै चरणमा हुन लागेको हरियाणा विधानसभा चुनावको प्रचारप्रसार तीव्र भएको छ। विभिन्न राजनीतिक दलका नेताहरुले ऱ्याली गरिरहेका छन्। कुल एक हजार ३१ जना उम्मेदवार चुनावी मैदानमा छन्। ५ अक्टोबर मा मतदान हुनेछ भने ८ अक्टोबर मा मतगणना हुनेछ।

****** ० ******

**'वर्ल्ड फूड इन्डिया २०२४'**

चार दिवशीय 'वर्ल्ड फूड इन्डिया २०२४' आज देखि नयाँ दिल्लीमा शुरु हुँदैछ। खाद्य प्रसंस्करण उद्योग मन्त्रालयले उक्त कार्यक्रममा ९० भन्दा अधिक देश, २६ राज्य र केन्द्र शासित प्रदेश र १८ केन्द्रीय मन्त्रालयले भाग लिने बताएको छ। जापान यसमा भागीदार राष्ट्र हुनेछ भने भियतनाम र इरान प्रमुख देशका रुपमा उपस्थित हुनेछन्। खाद्य प्रसंस्करण क्षेत्रमा नवाचार, प्रौद्योगिकी और स्थिरता मुख्य बिन्दु हुनेछ। यो कार्यक्रम खाद्य प्रसंस्करणमा बैश्विक शक्तिको रूपमा भारतको उदीयमान भूमिकालाई उजागर गर्ने ऐतिहासिक अवसर पनि हो।

****** ० ******

**केंद्रीय पर्यटन और संस्कृति मंत्री-नदी उत्सव**

केन्द्रीय पर्यटन तथा संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले नयाँ दिल्लीको जनपथस्थित इन्दिरा गान्धी राष्ट्रिय कला केन्द्र (आईजीएनसीए) मा आज नदी महोत्सवको पाँचौं संस्करणको उद्घाटन गर्नुहुनेछ। विश्व नदी दिवसको उपलक्ष्यमा मनाइने यस महोत्सवको उद्देश्य भारतका नदीहरूको महत्वलाई उजागर गर्नु र तिनीहरूको समृद्ध सांस्कृतिक, पर्यावरणीय र आर्थिक महत्वमा ध्यान केन्द्रित गर्नु रहेको छ। तीन दिनवशीय नदी महोत्सव विभिन्न सांस्कृतिक कार्यक्रमका साथ पालन गरिंदैछ ।

****** ० ******

**भारत बंगलादेश टेस्ट सिरिज**

भारत र बंगलादेशबीचको दुई टेस्ट म्याचको सिरिजको पहिलो म्याच आज देखि चेन्नईको एमए चिदम्बरम स्टेडियममा शुरु हुँदैछ। दोस्रो टेस्ट म्याच यही महिनाको २७ सितम्बर कानपुरको ग्रीनपार्क स्टेडियममा शुरु हुनेछ। यो सिरिजपछि भारत र बंगलादेशले तीन टी–२० खेलको सिरिज पनि खेल्नेछन्। पहिलो खेल ६ अक्टोबरमा ग्वालियरमा, दोस्रो खेल ९ अक्टोबरमा दिल्ली र तेस्रो खेल १२ अक्टोबर हैदरावादमा हुनेछ।

****** ० ******